प्रतिनिधित्व गर्नेछन् ।इन्डियन प्रिमियर लिग (आईपीएल)सहित विश्वका प्रतिष्ठित लीगहरू खेलिसकेका सन्दीपले इंग्ल्यान्डको टी-२० ब्लास्ट भने पहिलोपटक खेल्न लागेका हुन् ।

लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

प्रदेश नं. २, नेपाल

## व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा दर्ता शिविर संचालनार्थ सेवा खरिद गर्ने कार्यको सिलवन्दी दरभाउपत्र आब्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मिति : २०७७/१२/१३

Contract :- (NP-DOCR-184870-NC-RFQ)

नेपाल सरकार, गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्रानुसार व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्बन्ध विच्छेद) र सामाजिक सुरक्षा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न व्यक्तिगत घटना दर्ता शिविर संञ्चालन गर्नु पर्ने भएकोले सो कार्यको लागि परामर्श सेवा खरिद गर्नुपर्ने भएको हुदाँ उल्लेखित कार्यको लागि ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था र कम्पनिहरूले सूचना प्रकासित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र देहायका आवश्यक कागजातहरू सहित यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गरि १६ औं दिनको मध्यान्ह १२:०० बजे भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरू

१. यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र माथिको कार्यको लागि इजाजत प्राप्त भई नविकरण भएको इच्छुक फर्म, कम्पनी, सप्लायर्स वा निजको प्रतिनिधिले निवेदनका साथ आयकर दर्ता प्रमाणपत्र आ.व. ०७६/०७७ सम्मको कर चुक्ता प्रमाण-पत्र र मुल्यअभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, आवश्यक जनशक्ति तथा उपकरण विवरण साथै राखी शिलबन्दी दरभाउ पत्र दस्तुर पछि फिर्ता नहुने गरि लिइ यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक, लालबन्दी शाखामा रहेको आन्तरीक राजश्व खाता नं १२८०१००३०१०१०००२ मा दाखिला गरि दरभाउ-पत्र फारम सूचना प्रविधि शाखाबाट प्राप्त गरी पेश गर्नु पर्ने छ ।

२. खरिद भएको दरभाउपत्रको हकमा सुचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नुपर्नेछ र सोही दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा दर्ता हुन आएका दरभाउ-पत्रहरू खोलिनेछ ।

३. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. जमानत वापतको रकम नगद जम्मा गर्दा यस कार्यालयको नाममा रहेका राष्ट्रिय वाणिज्य बैक लालबन्दी मा रहेको धरौट्टी खाता न १२८०१००३०३००००२ मा जम्मा गर्नुपर्नेछ।

५. दरभाउपत्र स्वीकृत भएमा दरभाउपत्र दाताले कबोल अंकको पाचँ प्रतिशतले हुन आउने धरौटी वापतको रकमको बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा छ महिना म्याद भएको परफरमेन्स बोण्ड (कार्य सम्पादन जमानत) पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्रमा आइटम वाइज अंक र अक्षरमा दर-रेट र जम्मा रकम स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. म्याद नाघी आएको, रित नपुगेको वा शर्त राखिएको तथा सिलबन्दी भइ नआएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. दरभाउपत्रदाताले आफनो दरभाउपत्रका साथ दरभाउपत्र सम्बन्धी कारवाहिमा निजी स्वार्थ नबाजिएको र सो सम्बन्धी कसुरमा कारवाही नरहेको स्वघोषणा अनिवार्य रूपमा पेश गनुपर्नेछ।

१०. दरभाउपत्रदाताबाट पेश भएको दरभाउपत्रमा उल्लेखित विवरण मध्ये पुर्ण वा आंसिक रूपमा कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनि खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. एक वडामा कम्तीमा २ दर्ता स्टेशन ३ दिनको लागि राख्नुपर्ने छ र

नोट : शिविर सञ्चालनमा गर्नुपर्ने कार्य विवरण TOR (Terms of Reference) र अन्य शर्तहरू यस नगरपालिकाबाट खरिद गरिने दरभाउपत्रका साथ उपलब्ध गराईने छ ।

| क.स. | दरभाउपत्र नं. | कार्यको विवरण | लागत अनुमान | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | (NP-DOCR-184870-NC-RFQ) | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर संञ्चालन | १८,३९,०००/- | रू.१,०००/- | |

प्रमुख प्रशासकीय अधिकृत

म्पादक : अनिता साह , सह-सम्पादक : प्रेमनाथ पौडेल (९८४४०४८८४७),
ाह, कानूनी सल्लाहकार : अतुल घिमिरे